नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

पत्र संख्याः-०७७/७८
चलानी नं.: ३६९

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

मितिः २०७९।०१।१३

श्री ............ मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/विभाग/निकायहरु (सबै),
श्री स्थानिय तहहरु (सबै),

विषय : सूचना पठाइएको सम्बन्धमा ।

निर्वाचन आयोग, नेपालको मिति २०७९/१/११ को प्रेस विज्ञप्ति यसै सूचना साथ संलग्न रहेको छ । सो प्रेस विज्ञप्ती अनुसार निर्वाचन आयोगको मिति २०७८/११/१६ को निर्देशन बमोजिम मिति २०७८/१२/१५ गते भित्र सरुवा वा काज वा पदस्थापना भएका कर्मचारीहरू खटिएका तत्तत् निकायमा हाजिर हुन नगएको भन्ने गुनासो प्राप्त भएको तथा स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लागि मतदान केन्द्र तथा मतगणना कार्यमा खटाउने प्रयोजनका लागि २०७९/०१/१५ भित्र अनिवार्य रुपमा तत् तत् निकायमा हाजिर हुन पठाउने व्यवस्थाका लागि सरोकारवाला सबैमा निर्वाचन आयोगले सोही प्रेस विज्ञप्तीद्वारा निर्देशन दिएको व्यहोरा अनुरोध छ । सो सम्बन्धमा यस मन्त्रालयको मिति २०७८/१२/१५ सम्मको निर्णयबाट सरुवा वा काज वा पदस्थापना भएका कर्मचारीहरुलाई यथासिघ्र सरुवा गरिएको, काज खटाइएको तथा पदस्थापना गरिएको कार्यालयमा मिति २०७९/०१/१५ भित्र हाजिर हुन जान तथा हाजिर हुन जाने व्यवस्था मिलाउन सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अनुज घिमिरे
२०७९/०१/१३
(अनुज घिमिरे)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं, ☎ - (९७७+): ०१४२००३०९-, ४२००३१८
सन्देश सूचना बोर्ड :१६१८०१४२००३०९,इमेल:info@moga.gov.npवेभसाईट: http://www.mofaga.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७९/१/११

नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग वा कार्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा निकायमा निर्वाचन आयोगको मिति २०७८।११।१६ को निर्देशन बमोजिम मिति २०७८।१२।१५ गते भित्र सरुवा वा काज वा पदस्थापना भएका कर्मचारीहरु खटिएका तत्तत् निकायमा हाजिर हुन नगएको भन्ने गुनासो प्राप्त भएकोले स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लागि मतदात केन्द्र तथा मतगणना कार्यमा खटाउने प्रयोजनका लागि २०७९।१।१५ भित्र अनिवार्य रुपमा तत् तत् निकायमा हाजिर हुन पठाउने व्यवस्थाका लागि सरोकारवाला सबैमा आयोग निर्देशन गर्दछ ।

(शालिग्राम शर्मा पौडेल)
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np